| २५ | मान्द्रेढुङ्गा-बाँझिपोखरी-अर्जुन प्रा.वि.-बनेगौंडा-परेपोखरी रिडरोड निर्माण | ७ |
| २६ | नेटा-अड्वीसे कुटी टंकीसम्म जाने मो.बा. | ७ |
| २७ | धर्मराजका घर माथिको गोरेटोबाटो मर्मत | ७ |
| २८ | थुम्काटोल-सानो थुम्का चन्द्रकोटेटोल मो.बा. मर्मत | ९ |
| २९ | उपल्लो तम्घास चोक-गैरा-बिद्युतचोक मो.वा. | १० |
| ३० | सुनारटोल- बगोले मो.बा.पक्की कालोपत्रे निर्माण | १० |
| ३१ | बज्यान रिङ्गरोड निर्माण | १० |
| ३२ | बुकुरीकाडोरा जिल्ला भू-संरक्षण का.को जग्गा हुँदै बगालेसम्म मो.वा.ग्राभेल | १० |

| | | |
|---|---|---|
| ३३ | अ.खा.जिपपार्क-थम्मन टोल-बिद्युत कार्यालयसम्म बाटो मर्मत | १० |
| ३४ | बाँसखर्क-शिखडाँडा-कोप्चे-खोलीगाउँ मोटरबाटो विस्तार | ११ |
| ३५ | माइकास्थान-बाँसपाटा-टटलेगैरा-शिखेधारा मोटरबाटो विस्तार | ११ |
| ३६ | आमडाँडा-अ.खा. छत्रगन्त्र मोटरबाटो निर्माण | ११ |
| ३७ | थुम्का माइकास्थान मोटरबाटो विस्तार | ११ |
| ३८ | सम्मापाटा-तल्लो तोलङ्गा-जावुने-राङवास फेदी मो.वा. | १२ |
| ३९ | तङ्नाम-नयाँगाउँ-धारामाथी मोटरबाटो निर्माण | १२ |
| ४० | अर्खले देखि तोलङ्गासम्मको मोटरबाटो निर्माण | १२ |
| ४१ | सिमलारुख-काउले-तल्लो तोलङ्गा-जावुने-राङवास फेदी मोटरबाटो निर्माण | १३ |
| ४२ | राङवास,कालिका मन्दिर-चौपारी- वाइकास्थान- दुलेपानी- दारिमपाटा- गर्भे मोटरबाटो | १३ |
| ४३ | पिपलनेटा-पाङखोला मोटरबाटो | १३ |
| ४४ | उर्लेनी-बसारी-सिमीचौर जोड्ने मोटरबाटो | १४ |
| ४५ | ह्वाक्ने छहरा बुढिफिर्मी मोटरबाटो मर्मत | १४ |
| ४६ | घरीकन्ने-काब्रारुख-डाँडासम्म मो.बा. निर्माण | १४ |
| ४७ | पँधेराखोला-कालिका देवी मन्दिर-बुढीपोखरीसम्म मो.बा.मर्मत,निर्माण भँगारी | १५ |

श्री खानेपानी तथा सरसफाइ डिबिजन कार्यालय, गुल्मीमा सिफारिस हुने योजना

| सि.नं. | योजना | वडा नं. |
|---|---|---|
| १ | पँधेराथरी खा.पा. योजना मर्मत विस्तार | २ |
| २ | ठूलाखोला-सिमल पोखरा खा.पा.योजना | ३ |
| ३ | पँदेराथरी-किम्ले खा.पा. मर्मत | ३ |
| ४ | सिम्लरुख,लब्धी,कमेरेमाटा,चुल्ठीविना खानेपानी | ३ |
| ५ | छहराखोला नयाँघर अम्लेचौर खा.पा.मर्मत | ३ |
| ६ | गौंडापोखरी बस्तीमा खानेपानी योजना | ४ |
| ७ | खोरियापानी पनाहाघाट खानेपानी मर्मत | ४ |
| ८ | सेतीखोली मुहान देखि गौतमटोल,भण्डारीटोल,पन्थीटोल,बुद्ध मा.बि. सम्मको खानेपानी योजना पुन: निर्माण | ४ |
| ९ | भालुपाताल मरासिनी टोल खानेपानी मर्मत | ४ |

| | | |
|---|---|---|
| १० | मूलाबारी लामडाँडा खानेपानी मर्मत | ५ |
| ११ | साउनेखोला तल्लाखर्क खानेपानी योजना मर्मत | ५ |
| १२ | उपल्लो गोवाने खानेपानी योजना मर्मत | ५ |
| १३ | बालकाटे,भुवनपानी खानेपानी योजना स्तरोन्नती | ५ |
| १४ | ठूलाखोला,खोरियाटोल खानेपानी योजना | ५ |
| १५ | सिद्धास्थानमा खानेपानी टंकी निर्माण | ६ |
| १६ | खान्दुला पँधेरो मर्मत | ६ |
| १७ | खोलापाटा म्यालाचौडिला लिफ्टीङ खानेपानी | ७ |
| १८ | बुट्टाकुरी गैरा पँधेरो मर्मत | ७ |
| १९ | बुट्टाकुरी साउनेपानी पधेरो मर्मत | ७ |
| २० | धारेखोला पुछार खानेपानी योजना | ७ |
| २१ | अर्खेखोला खा.पा.यो.मर्मत तथा मुहान संरक्षण | ८ |
| २२ | उपल्लो तम्घास खा.पा.यो. मर्मत सुधार | १० |
| २३ | बुढीचौर खा.पा. मिटर प्रणाली | १० |
| २४ | उपल्लो तम्घास खा.पा.यो. मर्मत सुधार | १० |
| २५ | राहाले चेतेनेटा खा.पा.यो.विस्तार तथा मिटर सिस्टम | ११ |
| २६ | रातापानी झिर्मी खा.पा.टंकी निर्माण | ११ |
| २७ | आकाशेपानी संकलन घैटा निर्माण ४२५ घर धुरीलाई | १२ |
| २८ | काब्रे ठूलो पँधेरो मर्मत र ढाव नयाँपानी पोखरी निर्माण | १२ |
| २९ | तल्लो रैंया खानेपानी योजना मर्मत | १२ |
| ३० | जोरपानी थालेमाले खा.पा. | १२ |
| ३१ | साउनेपानी पँधेरो मर्मत बाँस्पाटा | १२ |
| ३२ | चमेरेदुला-मोहोराई-सिमीचौर लिफ्टीङ खानेपानी योजना | १२ |
| ३३ | चिउरेनी,तोलङ्गा खानेपानी मर्मत तथा टंकी निर्माण | १३ |
| ३४ | कुणादी खानेपानी योजना मर्मत | १४ |
| ३५ | सानोखोला उर्लेनीदह खानेपानी योजना | १४ |
| ३६ | टंकी मर्मत,बसारी | १४ |
| ३७ | खहरेखोला-पोखराटोल खानेपानी मर्मत,दुवीचौर | १५ |

| सि.नं. | योजना | वडा नं. |
|---|---|---|
| १ | रेसुङगा सामुदायिक अध्ययन केन्द्रको कार्यालय व्यवस्थापन तथा पुस्तकालय व्यवस्थापन | २ |
| २ | बुद्ध मा.वि. भवन निर्माण | ४ |
| ३ | जनसहयोग मा.वि.मैदान सुधार | ५ |
| ४ | सिर्जना प्रा.वि. भवन जिर्णोद्वार | ८ |
| ५ | सिद्धबाबा उ.मा.वि. पुस्तकालय तथा प्रयोगशाला | ९ |
| ६ | सिद्धबाबा उ.मा.वि. पुस्तकालय तथा प्रयोगशाला | ९ |
| ७ | उपल्लो तम्घास मा.वि.वडा नं.१० मा ६ कोठे विद्यालय भवन निर्माण, अपाङ्गता विद्यार्थीहरुका लागि छात्रावास निर्माण तथा कम्पाउण्ड वाल निर्माण | १० |
| ८ | सरस्वती प्रा.वि.भवन कम्पाउण्डवाल निर्माण तथा ठाडोबाटो मर्मत | ११ |
| ९ | घोर्ले बाल शिक्षा खानेपानी | १४ |

## श्री सिंचाई कार्यालय, गुल्मीमा सिफारिस हुने योजना

| सि.नं. | योजना | वडा नं. |
|---|---|---|
| १ | मझ्फेङ् लहाँटा सिंचाई कुलो मर्मत | ३ |
| २ | लब्धी सिंचाई पोखरी मर्मत | ३ |
| ३ | च्वाङ्खोला-डाँडाखेत-ठूलाखेत सिंचाई कुलो मर्मत | ३ |
| ४ | भालुखोला चौतारा लावाखेत कुलोमर्मत | ३ |
| ५ | डुम्रीचौर कुलो मर्मत | ४ |
| ६ | एक्लेखेत सिंचाई कुलो निर्माण | ४ |
| ७ | गुल्मेली बगर कुलो मर्मत | ४ |
| ८ | छरछरे, परियारटोल,दर्लामीटोल सिंचाई पाइप विस्तार | ४ |

| | | |
|---|---|---|
| ९ | खालाचौर ड्यामदेखि ठूलचौर-ठूलार-पैयापाटा-छाप-सिराना लिफ्ट सिंचाई योजना | ६ |
| १० | खोरेदीखोला नौबीसे खेत कुलो मर्मत निर्माण योजना | १३ |

श्री जिल्ला जनस्वास्थ्य कार्यालय, गुल्मीमा सिफारिस हुने योजना

| सि.नं. | योजना | वडा नं. |
|---|---|---|
| १ | गाउँघर क्लीनीक भवन मर्मत | ७ |
| २ | सिमीचौर स्वास्थ्य चौकीका लागि फर्निचर निर्माण | ११ |

श्री जिल्ला भूसंरक्षण कार्यलय, गुल्मीमा सिफारिस हुने योजना

| सि.नं. | योजना | वडा नं. |
|---|---|---|
| १ | ओखरारुख खा.पा.मूल मर्मत सम्भार | ७ |
| २ | सिस्नेहार नित्यानन्दका घरनेरको पहिरो नियन्त्रण तार जाली | ७ |
| ३ | अर्जुन प्रा.वि.को पहिरो रोकथाम | ७ |
| ४ | अर्खेखोला खा.पा.यो.मर्मत तथा मुहान संरक्षण | ८ |
| ५ | टुनीखोला चन्द्रकोटेटोल मोटरबाटोमा मेशीनरी वाल | ९ |
| ६ | वडा नं.९ का समग्र खानेपानी मुहान संरक्षण | ९ |
| ७ | माइकास्थान विद्यालय तटवन्धका लागि तारजाली | ११ |
| ८ | थापाखर्क ढाव धारती मुहान संरक्षण | १२ |
| ९ | बिहीचौरको तल्लाचौर पोखरी निर्माण | |
| १० | राङ्वास मा.वि.भूक्षय रोक्न पर्खाल निर्माण | १३ |
| | श्री नेपाल विद्युत प्राधिकरण, गुल्मीमा सिफारिस हुने योजना | |
| सि.नं. | योजना | वडा नं. |
| १ | ब्यारेकगेट जाने चोक आदर्श निकेतनबाट क्याम्पसको प्राध्यापक निवास अगाडि चोकसम्म विद्युत लाइन विस्तार | १ |
| २ | क्याम्पसरोड सडक बत्ति व्यवस्थापन | १ |
| ३ | बाखेछेडा देखि जिल्ला शिक्षा कार्यालय हुदै उदिनढुङ्गा बसपार्कसम्म सडक बत्ति व्यवस्थापन | २ |
| ४ | समग्र वार्डमा रहेका जीर्ण विद्युतपोल फेर्ने कार्य | २ |
| ५ | समग्र वार्डमा रहेका जीर्ण विद्युतपोल फेर्ने कार्य | ८ |

श्री जिल्ला कृषि विकास कार्यालय, गुल्मीमा सिफारिस हुने योजना

| **सि.नं.** | **योजना** | **वडा नं.** |
|---|---|---|

| | | |
|---|---|---|
| १ | रेसुङ्गा महिला कृषक समुह मौरीपालन | २ |
| २ | नमूना कृषि फर्म सञ्चालन | ३ |
| ३ | जनमुखी सिंचाई तथा विउ उत्पादन | ४ |
| ४ | बेमौसमी तरकारी खेती, थापाखर्क | १२ |
| ५ | अर्खले तरकारी खेती | १२ |

श्री जिल्ला शिक्षा कार्यालय, गुल्मीमा सिफारिस हुने योजना

| सि.नं. | योजना | वडा नं. |
|---|---|---|
| १ | रेसुङगा सामुदायिक अध्ययन केन्द्रको कार्यालय व्यवस्थापन तथा पुस्तकालय व्यवस्थापन | २ |
| २ | बुद्ध मा.वि. भवन निर्माण | ४ |
| ३ | जनसहयोग मा.वि.मैदान सुधार | ५ |
| ४ | सिर्जना प्रा.वि. भवन जिर्णोद्वार | ८ |
| ५ | सिद्धबाबा उ.मा.वि. पुस्तकालय तथा प्रयोगशाला | ९ |
| ६ | सिद्धबाबा उ.मा.वि. पुस्तकालय तथा प्रयोगशाला | ९ |
| ७ | उपल्लो तम्घास मा.वि.वडा नं.१० मा ६ कोठे विद्यालय भवन निर्माण, अपाङ्गता विद्यार्थीहरुका लागि छात्रावास निर्माण तथा कम्पाउण्ड वाल निर्माण | १० |
| ८ | सरस्वती प्रा.वि.भवन कम्पाउण्डवाल निर्माण तथा ठाडोबाटो मर्मत | ११ |
| ९ | घोर्ले बाल शिक्षा खानेपानी | १४ |

श्री जिल्ला पशु सेवा कार्यालय, गुल्मीमा सिफारिस हुने योजना

| सि.नं. | योजना | वडा नं. |
|---|---|---|
| १ | बाखा पालन कार्यक्रम | ४ |

**श्री शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, पाल्पामा सिफारिस हुने योजना**

| सि.नं. | योजना | वडा नं. |
|---|---|---|

| | | |
|---|---|---|
| १ | भड्खाला देखि पक्की सडकसम्म ठाडो खोल्सामा पक्की ढल निर्माण र खोलामा कल्भर्ट निर्माण | १ |
| २ | सेतो गुराँस देखि बाघमारेसम्म ढल | २ |
| ३ | छापटोला देखि ठाडो भाँडगाउँ तर्फ जाने मोटरबाटो सम्म पक्की ढल निर्माण | २,३ |
| ४ | जिल्ला प्रहरी कार्यालय,जिल्ला कृषि कार्यालय-टिका फर्निचरसम्म ढल निर्माण | ९ |
| ५ | भगवती मन्दिर देखि निलगिरी पार्टी प्यालेससम्म नालीमा सेलेव निर्माण | ९ |
| ६ | अमर कल्याण महिला विकास भवन देखि फिल्महल पछाडि हुदै अ.खा. जीप पार्कसम्मको सडक मर्मत र नाली निर्माण | १०,८ |
| ७ | पुतली बजार नाली मर्मत, गण्डकी बोर्डिङसम्म ढल | १ |
| ८ | अर्जुन बोर्डिङ तर्फ जाने ठाडो बाटो चोकमा नाली मर्मत | १ |
| ९ | मिलनचोक-जीपपार्कसम्म मोटरबाटो | १,२ |
| १० | भीमचोक देखि पिप्लारुखसम्मको ठाडोबाटो मर्मत तथा भल निकास | १ |
| ११ | स्टार चोक देखि पुरानो वजार सम्मको नाली र पुल निर्माण | १ |
| १२ | दुर्गा पाण्डेका घरनेर देखि आदर्श बोर्डिङसम्मको ढल स्तरोनन्ती | १ |
| १३ | हर्राचौडिला-अर्जुन प्रा.वि.सम्म ढल निकास तथा बाटो निर्माण | ७ |
| १४ | प्रेमलालचोक-कृषि कार्यालय-वन कार्यालय-भगवती मन्दिरसम्म बाटोमा नाली निर्माण | ९ |
| १५ | नेवारटोल पाँच दोवाटो टोल नाली निर्माण | ९ |
| १६ | बजाज शोरुम देखि अदालत पछाडिसम्म नाली तथा सडक स्तरोन्नती | ९ |
| १७ | भुल्के-खालाचौर-सुनारटोल मोटरबाटो ग्राभेल तथा नाली | १० |
| १८ | उपल्लो तम्घास प्रतिक्षालय-खालाचौर-भुल्के-आर्युवेदिक अस्पताल-तम्घास स्थान मन्दिर बगाले नाली निर्माण | १० |

| | | |
|---|---|---|
| १९ | बज्यान चोक देखि पुरानो बचत हुदै तल झर्ने नाली निर्माण | १० |
| २० | चारीखोला-विद्युत कार्यालयसम्म नाली निर्माण | १० |
| २१ | चेतेनेटा पक्की नाली निर्माण | ११ |

## परिच्छेद – चार

## नगर क्षेत्रको वर्गीकरण तथा सेवा शुल्क

निर्णय नं. १ नगर क्षेत्रको वर्गीकरण

यस नगरपालिका क्षेत्रका साविकका तमघास, अर्खले, सिमीचौर, र दुवीचौर गा.वि.स अन्तर्गतका तपसिल बमोजिमका सडक र आसपासका स्थानहरूलाई देहाय वमोजिम (क) (ख) (ग) र (घ) वर्गमा वर्गीकरण गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | क्षेत्र | कैफियत |
|---|---|---|
| | **(क) वर्गका जग्गाहरू :-** | |
| १ | वाखेछेडा चोक - भलुवाकुण्ड - क्याम्पस तलको ओह्रालो - नयाँ बजारको मुख्यसडक - उदिनढुंगा जिपपार्क हुँदै बेरियलसम्मको क्षेत्र | |
| २ | नयाँ बजार - पुतलीबजार चोक - शिवशक्ति चलचित्र मन्दिर - पुरानो बजार - बालमन्दिर - बसपार्क हुँदै शहीदचोकसम्म | |
| ३ | प्र.जि.अ.निवास - सभापति निवास शहीदचोकसम्म | |
| | **(ख) वर्गका जग्गाहरू :-** | |
| ४ | बाखेछेडा - छापटोला - खानीगाउँ चौराहा - भगवती मन्दिर - उपल्लो तम्घास बजार - देउरालीसम्मको मूल सडक | |
| ५ | उपल्लो तम्घास बजार - मालपोत कार्यालयदेखि विद्युत कार्यालयसम्म | |
| ६ | खानीगाउँ चौराहा ठाडो अस्पताल लाइनदेखि तेर्छो कारागार चोक खानीगाउँ भगवती मन्दिर - पुरानो बैंक रोड  कृषि विकास कार्यालय - जिल्ला प्रहरी कार्यालय - शहीदचोकसम्म | |
| ७ | खानीगाउँ भगवती मन्दिर - वसपार्क - ओखरवोट क्षेत्र | |
| ८ | जि.प्रहरी का. देखि वसपार्क पेट्रोल पम्पसम्मको तेछो मोटरबाटो | |

| क्र.सं. | क्षेत्र | कैफियत |
|---|---|---|
| ९ | पुतलीबजारदेखि तल्लो साहुटोल - मिलनचोक | |
| १० | शिवशक्ति चलचित्र मन्दिर - लेकाली धारा हुँदै अ.खा. तर्फ जाने मुल सडक हुँदै अ.खा. जीपपार्क आसपासको सडक क्षेत्र | |
| ११ | पुतलिबजार ठाडो मोटर बाटो - कोलेका पोखासम्म | |
| | **(ग) वर्गका जग्गाहरू :-** | |
| १२ | क्याम्पस गेटदेखि अतिथि भवन हुँदै रेसुङ्गा मा.वि.- शिक्षा कार्यालय ओर्ह्लालो - वेरियल | |
| १३ | अतिथि भवनदेखि बृहद खा.पा.भवन अर्जुन मा.वि. माथिदेखि रेसुङ्गा मा.वि.ठाडो बाटो हुँदै मिलन चोकसम्म | |
| १४ | भिमचोक माथिदेखि बृहद खा.पा. भगवती मन्दिर हुँदै बिराट अपसेट प्रेस नेता चोकसम्म र अर्जुन बोर्डिङ्गदेखि ठाडो बाटो प्रितमको घरसम्म | |
| १५ | मिलनचोक आदर्श वोर्डिङ्ग पुल हुँदै अ.खा. जीपपार्कसम्म | |
| १६ | आदर्श निकेतन माथि व्यारेक दक्षिण गेट हुँदै धागिथुम आशा अपाङ्ग केन्द्र सम्म | |
| १७ | बाखेछेडा चोकदेखि व्यारेकसम्म, बाखेछेडादेखि तेर्छो मोटर वाटो आदर्श निकेतन पिप्लारुख धागिथुम हुँदै शिक्षा कार्यालयसम्म | |
| १८ | बाखेछेडा-नुनथला-कारागार हुँदै सावाखोला-अस्पतालसम्म | |
| १९ | छापटोला वि.पि. स्मृति भवन हुँदै क्याम्पस रोड | |
| २० | छापाटोला-टुनीखोला तेर्छो बाटो हुँदै खानीगाउँ चौराहा सम्म | |
| २१ | टुनीखाला - छापटोला - माइकास्थान हुदै भाडगाउँ जाने मोटर वाटो | |
| २२ | खानीगाउँ चौराहा - वन - कृषि कार्यालय गेट सम्म | |
| २३ | खानीगाउँ चौराहा तेर्छो बाटो ए.मा.ले.पार्टी कार्यालय सम्म | |
| २४ | खानीगाउँ चौराहा-थुम्का-सानो थुम्का मोटर बाटो | |
| २५ | खानीगाउँ चौराहा ठाडो मोटर वाटो लिल बहादुर श्रेष्ठको घर सम्म | |
| २६ | खानीगाउँ सिद्धबाबा मा.वि.गेट -बृटिस वेलफेयरको एरिया | |
| २७ | चारिखोला हाल भु-संरक्षण कार्यालय हुदै विद्युत कार्यालय सम्मको मोटर बाटो कृषि उपज संकलन केन्द्र - पुरानो बजार सम्म | |
| २८ | देउराली-भेटेनरी-माईकास्थान-कमेरेपानी-कुडापानी-नेटा सम्मको मोटरवाटो क्षेत्र | |
| २९ | देउराली - भुल्के आयुर्वेद अस्पताल तम्घास स्थान खालाचौर हुदै उपल्लो तम्घास बजार सम्म | |
| ३० | भुल्के सोता बगाले खोला हुदै पुतली बजार सम्म | |

| क्र.सं. | क्षेत्र | कैफियत |
|---|---|---|
| ३१ | खालाचौर - फेरा सम्म | |
| ३२ | बुकुरीका डोरा - तम्घासस्थान मन्दिर सम्म | |
| ३३ | सुनारटोल देखि ठाडो वाटो बगाले खोला सम्म | |
| ३४ | सुर्केपाटा हाल नापी कार्यालय हुदै फेरा | |
| ३५ | अ.खा. जीपपार्क देखि बेतुखर्क-कमेरेपानी चोक सम्म मुल सडक | |
| ३६ | बागमारे-भण्डारी टोल हुदै ब्यारेक पछाडी-विन्ध्यवासिनी चोक-भण्डारी टोल हुदै मरासिनी टोल सम्म | |
| ३७ | खोरपाटा-डाडाखर्क-राताचौर जने मुल सडक | |
| ३८ | वाखेछेडा-भाडगाउँ-बेहोरे-राताचौर छल्दी पनाहा सम्म | |
| ३९ | बेल्वासे टोल देखि तल्लो तेर्छो तल्लो भाडगाउँ हुदै साउने वन सिमाना सम्मको सडक | |
| ४० | अ.खा. जीपपार्क - ओखेनी - वर्दवास - खाम्सेपानी - गोवाने हुदै भुवनपानी नेटाखर्क चेक्मी मुल सडक | |
| ४१ | वर्दवास खाम्सेपानी-भुवनपानी-लामडाडा-तल्लाखर्क-रातडाडा | |
| ४२ | गोबाने-गैरापोखा-भुवनपानी जनसहयोग मा.वि.गौमुखे सडक | |
| ४३ | वागमारे-अर्खले-रोइदी-सेउवा-रागेढुङ्गा-जैथुम-मसिना पोखरी-पनाहा मुल सडक | |
| ४४ | देउराली-दुवीचौर-घुम्टी सम्मको मुल सडक | |
| ४५ | देउराली सिमीचौर - राङवास फेदी मूल सडक | |
| ४६ | आँखा अस्पताल गेट तेर्छो खोला सम्म | |
| ४७ | जिल्ला सहकारी संघ बसेको घर अगाडी देखि तेर्छो खोला सम्म | |
| ४८ | उपल्लो तम्घास बजार कान्देउराली हुँदै छापाचौर-बुढीचौर मोटर बाटो र चौडिला क्षेत्रका मोटरबाटो | |
| ४९ | माईकास्थान मौवारुख तल्लो मोटर बाटो हुदै बगाले खोला | |
| ५० | विद्युत कार्यालय पश्चिम तर्फ देखि बज्यान सम्मको मोटरबाटो | |
| ५१ | बाटाका पाटा देखि भुजेलखर्क-कालिका मन्दिर हुँदै माइकास्थान | |
| ५२ | चारिखोला नया जडिवुटिमार्ग गैरावारी | |
| | **(घ) वर्गका जग्गाहरू :-** | |
| ५३ | माईकास्थान देखि उपल्लो भाडगाउँ-पदेलपोखा हुदै च्यानडाडा | |
| ५४ | बेल्वासे टोल देखि तल्लो भाडगाउँ जाने मोटरबाटो | |
| ५५ | मान्द्रेढुङ्गा-कुडापानी-जुरेढुङ्गा मोटरबाटा | |

| क.सं. | क्षेत्र | कैफियत |
|---|---|---|
| ५६ | साखिनडाडा-जुरेढुङ्गा सिस्नेहार जाने बाटा | |
| ५७ | नेटा तल्लो ओरालो मोटरबाटो - सिस्नेहार | |
| ५८ | नेटा-अडवीसे-बुट्टाकुरी-वर्दवास-खाम्सेपानी-मोटरबाटो हुदै सेउवा रागेढुङ्गा | |
| ५९ | भुवनपानी जन सहयोग मा.वि.-वाल्काटे-चेक्मी | |
| ६० | रागेढुङ्गा-गहते-भुवनपानी मोटरबाटो | |
| ६१ | वाल्काटे - अत्तरकाडा मोटरबाटो | |
| ६२ | सुकाखोला-गोबाने-खान्दुला उनायचौर पर्यटकीय मार्ग | |
| ६३ | सेउघा भिरकुना सेतिगौडा गहते भुवनपानी | |
| ६४ | थापाटोल हरि पोखरी वुढीखोरिया स्याल टाकुरी | |
| ६५ | हरिपोखरी कुवापानी पैरे दोमाइ मो.वा. | |
| ६६ | थापाटोल घुम्टी गाइगोठ | |
| ६७ | पिपल नेटा दारेढुङ्गा उपल्लो भगारी | |
| ६८ | उर्लेनी - घोर्ले मोटरबाटो | |
| ६९ | उर्लेनी - बसारी मोटरबाटो | |
| ७० | रानीपोखरी - ढिकीडाडा मोटरबाटो | |
| ७१ | सिरान - चाउरेघाट मोटरबाटो | |
| ७२ | उर्लेनी - बुढीभिर्मी मोटरबाटो | |
| ७३ | ह्वाक्नेछहरा - उपल्लो उर्लेनी मोटरबाटो | |
| ७४ | छाप - कुदारी - घोर्ले मोटरबाटो | |
| ७५ | भंगारी - चन्डीथान मोटरबाटो | |
| ७६ | सिमलारुख, सिब्रुङ्ग, ढाब, काउले मोटरबाटो | |
| ७७ | दह, बाँसपाटा, रैया, मोटरबाटो | |
| ७८ | काब्रे, काउले, अर्खले मोटरबाटो | |
| ७९ | चेतेनेटा, मोहोराई, सिखेधारा, मोटरबाटो | |
| ८० | राङबास दारिमपाटा मोटरबाटो | |
| ८१ | सिमीचौर फलामे मोटरबाटो | |
| ८२ | झाँक्रिसल्ला आमडाडा मोटरबाटो | |
| ८३ | झाँक्रिसल्ला बाँसखर्क सिखडाँडा मोटरबाटो | |
| ८४ | दह तंनाम मोटरबाटो | |
| ८५ | काब्रे तोलङ्गा भाल्दि मोटरबाटो | |
| ८६ | राङबास डाँडाखर्क जाबुने मोटरबाटो | |
| ८७ | ठूलापोखरा जावुने मोटरबाटो | |

| क्र.सं. | क्षेत्र | कैफियत |
|---|---|---|
| ८८ | बिहीचौर झुपीखर्क मोटरबाटो | |
| ८९ | बिहीचौर रामडाँडा मोटरबाटो | |
| ९० | कुमाल गाउहुदैं पाङखोला वलकोट मो.वा. | |
| ९१ | चौपारी वाइका स्थान पारमखेत पिपलनेटा दारिमवाटा हुदैं कुमाल गाउ जाने मो.वा. | |

**निर्णय नं. २ सिफारिस दस्तुर तथा सेवा शुल्क**

स्थानीय स्वायत्त शासन ऐन २०५५,नियमावली २०५६ अनुसार यस नगरपालिका कार्यालयले प्रदान गर्ने निम्न बमोजिमका सेवाहरूमा तपसिल बमोजिम सिफारिस दस्तुर लगाउने निर्णय गरियो ।

| क्र.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | निवेदन फाराम बिक्री | १५।- |
| २ | नक्कल उतार प्रतिलिपि प्रतिपाना | २०।- |
| ३ | नागरिकता | ६०।- |
| ४ | अंगीकृत नागरिकता | ३५०।- |
| ५ | सिफारिस दस्तुर विविध प्रकारका | १२५।- |
| ६ | नाता प्रमाणित नेपालीमा | १२५।- |
| ७ | घर/बाटो प्रमाणित सिफारिस, अन्य सर्जमिन मुचुल्का | २५०।- |
| ८ | चारकिल्ला प्रमाणित सिफारिस | ३५०।- |
| ९ | अंग्रेजी भाषामा गरिने सिफारिस विविध प्रकारका | ७००।- |
| १० | अंग्रेजी भाषामा गरिने नाता प्रमाणित | ७००।- |
| ११ | अंग्रेजी भाषामा आम्दानी प्रमाणित | ७००।- |
| १२ | आम्दानी प्रमाणित नेपालीमा रु.२० हजारसम्म | २००।- |
| १३ | आम्दानी प्रमाणित नेपालीमा रु.४० हजारसम्म | ३००।- |
| १४ | आम्दानी प्रमाणित नेपालीमा रु.४० हजारमाथि | ४५०।- |
| १५ | धितो मूल्याङ्कन (अंग्रेजी नेपाली) मा रु.१० लाखसम्म | ८००।- |
| १६ | धितो मूल्याङ्कन (अंग्रेजी नेपाली) मा रु.२० लाखसम्म | १५००।- |
| १७ | धितो मूल्याङ्कन (अंग्रेजी नेपाली) मा रु.२० लाखदेखि ५० लाखसम्म | ३,०००।- |
| १८ | धितो मूल्याङ्कन (अंग्रेजी नेपाली) मा रु ५० लाखमाथि १ करोडसम्म | ३,६००।- |
| १९ | धितो मूल्याङ्कन (अंग्रेजी नेपाली) मा १ करोडमाथि | ४२००।- |
| विद्यालय / क्याम्पस खोल्ने सिफारिस | | |
| २० | प्रा.वि | १२००।- |
| २१ | नि.मा.वि. | २५००।- |
| २२ | मा.वि. | ४०००।- |

| क्र.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| २३ | उच्च मा.वि. | ६५००।- |
| २४ | निजी विद्यालयहरूलाई | ७०००।- |
| २५ | कोचिङ्ग सेन्टर खोल्ने सिफारिस | ४०००।- |
| २६ | कम्प्यूटर इन्स्टीच्यूट खोल्ने सिफारिस | ४०००।- |
| २७ | प्राविधिक शिक्षालय खोल्ने सिफारिस | ६५००।- |
| २८ | घर,पसल बन्द कोठा खुलाउने मुचुल्का | १२००।- |
| २९ | छुट जग्गा दर्ता सिफारिस ५ रोपनी सम्म | ८५०।- |
| ३० | छुट जग्गा दर्ता सिफारिस ५ रोपनी माथि | १५००।- |
| ३१ | मुद्दा मामिला मिलापत्र दस्तरु | ७५०।- |
| ३२ | पंजिकरण विलम्ब शुल्क | ६०।- |

निर्णय नं. ३ मालपोत

स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ अनुसार देहाय बमोजिम यस नगरपालिकाले देहाय बमोजिम मालपोत तथा घरकर लगाउने निर्णय गरियो ।

| क्र.स. | रेसुङ्गा न.पा.को वडा नं. १,२,७,८,९ र १० तमघासमा | कर दस्तुर |
|---|---|---|
| १) | १ रोपनीसम्म | २०।- |
| २) | १ रोपनीमाथि ५ रोपनीसम्म | २५।- |
| ३) | ५ रोपनीमाथि २० रोपनीसम्म रु. | ५०।- |
| ४) | २० रोपनीमाथि ३० रोपनीसम्म रु. | ७५।– |
| ५) | ३० रोपनीमाथी ४० रोपनीसम्म रु. | १००।- |
| ६) | ४० रोपनीमाथि प्रति रोपनी रु.१००।- मा | २।- थप |
| रेसुङ्गा न.पा.को वडा नं. ३,४,५,६,११,१२,१३,१४ र १५ अर्खले सिमीचौर दुवीचौर क्षेत्र | | |
| ७) | न्यूनतम २० रोपनीसम्म | २०।- |
| ८) | २० रोपनीदेखि ३० रोपनीसम्म | ५०।- |
| ९) | ३० रोपनीदेखि ४० रोपनीसम्म | ५५।- |
| १०) | ४० रोपनीमाथि प्रति रोपनी रु.५५।- मा | १।- थप |

घरकर रेसुङ्गा न.पा.को सवै क्षेत्रमा

| | | |
|---|---|---|
| १) | कच्ची १ तले १ छाले | ३०।- |
| २) | कच्ची २ तले | ४५।- |
| ३) | कच्ची ३ तले | ५५।- |
| ४) | कच्ची १ छाले पक्की सडक पुगेको क र ख का क्षेत्रमा बजार क्षेत्रकाकच्ची ढुङ्गा माटोको जडान कर्कट पाताको छानो भएका घरकोकर ख वर्ग अनुसार | १००।- |

| | घरकर क,ख र ग का क्षेत्रमा | क | ख | ग | घ |
|---|---|---|---|---|---|
| ५) | पक्की ढलान आर.सि.सि.१ तले | १२५।- | १००।- | ८०।- | ५०।- |
| ६) | पक्की ढलान आर.सि.सि.२ तले | २००।- | १५०।- | १००।- | ६०।- |
| ७) | पक्की ढलान आर.सि.सि.३ तले | २५०।- | २२०।- | १२५।- | ९०।- |
| ८) | पक्की ढलान आर.सि.सि.४ तले | ३००।- | २५०।- | २००।- | १५०।- |
| ९) | सबै क्षेत्रमा सो भन्दा माथिको तलामा प्रतितला रु १००।- | | | | |

निर्णय नं. ४ घर वहाल कर

यस नगरपालिका क्षेत्रमा घर वहालमा दिने घर धनीहरूवाट घरवाहलमा दिएवापत २ प्रतिशतका दरले घर वहाल कर लिने निर्णय गरियो ।

निर्णय नं. ५ नक्सा पास दस्तुर / आर.सि.सि. भवन

स्थानीय स्वायत्त शासन ऐन नियमावली अनुसार भवन निर्माण गर्दा देहाय वमोजिम नक्सा पास दस्तुर लगाउने निर्णय गरियो ।

| **क्र.सं.** | **वर्गफूट** | **भूमिगत तला** | **पहिलो तला** | **दोस्रो तला** | **तेस्रो तला** | **सो भन्दा माथि** |
|---|---|---|---|---|---|---|
| १ | १००० वर्गफीट भन्दा थोरै ( प्रतिवर्ग फुट ) | १।२५ | २।- | ३।- | ३।५० | ४।- |
| २ | १००० वर्गफीट भन्दा बढी ( प्रतिवर्ग फुट ) | २।- | २।५० | ३।५० | ४।- | ५।- |

- (क) र (ख) वर्गका क्षेत्रहरूलाई माथिको दस्तुरमा ५० प्रतिशत थप दस्तुर लाग्ने छ ।

निर्णय नं. ५.१ पुराना घरको नक्सा नियमित गर्ने कार्य

क) निर्माण भई सकेका पक्की घरहरूलाई नक्सा पासको प्रक्रियामा ल्याउंदा माथि तोकिएको शुल्कको आधारमा नयाँ वन्ने घरको प्रति वर्ग फुट रकमको हिसाबमा २५ प्रतिशत छुट दिइनेछ । २०७३।६।१२ सम्म मात्र नक्सा नियमित कार्य गरिनेछ । सो भन्दा पछि नियमित गर्ने कार्य बन्द गरिनेछ ।

निर्णय नं. ५.२ नक्सा पास धरौटी

घर निर्माण कार्य गर्दा सरसफाई कार्यवापत १००० वर्ग फिट क्षेत्रफलमा निर्माण हुने घरको रु.५,०००।- र सो भन्दा माथि निर्माण हुने घरको लागि रु.१०,०००।- सरसफाइ वापत धरौटी राख्नु पर्नेछ । घर निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त गर्दा घर धनीले निर्माणको क्रममा वांकी रहेका निर्माण सामग्री र अन्य फोहर मैला आफै व्यवस्थापन गर्नुपर्ने छ । उक्त समयमा सो कार्य पुरा नगरेमा धरौटी वापतको रकम सोही कार्यमा खर्च गरिनेछ । सम्पन्न प्रमाणपत्र लिएको एक वर्ष भित्रमा धरौटी फिर्ता लिईसक्नुपर्नेछ । फिर्ता नलिएमा सदरस्याहा गरिनेछ ।

निर्णय नं. ६ सडक अवरोध जरिवाना

यस नगरपालिका क्षेत्र भित्रबाट यातायात सञ्चालनमा सडक अवरोध हुने गरी सडकमा निर्माण सामग्री राखि अवरोध गरेमा देहाय वमोजिम जरिवाना दस्तुर लिने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | सामान अनलोड गर्दाको दिन र अर्को दिन | नलिने |
| २ | तेस्रो दिन | १००।- |
| ३ | चौथो दिन | २००।- |
| ४ | सो भन्दा माथि शुरुकै दिनदेखि प्रति दिनको रु. | ३००।- का दरले |

निर्णय नं. ७ पार्किङ्ग सेवा शुल्क

यस नगरपालिकाको स्वामित्वमा रहेका वसपार्क तथा जिप पार्कहरूमा सेवा शुल्क लगाउने सम्बन्धमा सरोकारवालसंग छलफल भइ निम्नानुसार पार्किङ्ग सेवा शुल्क लगाउने निर्णय गरियो ।

| क्र.स. | सवारी साधनको किसिम | पटके सेवा शुल्क |
|---|---|---|
| १ | हेभी (डोजर, लोडर आदि) | १००/- |
| २ | वस | ३५/- |
| ३ | मिनी बस | ३५/- |
| ४ | ट्रक | ३५/- |
| ५ | ट्रेक्टर | ३०/- |
| ६ | माइक्रोबस | ३०/- |
| ७ | जीप | २५/- |
| ८ | कार | २५/- |
| ९ | मोटर साइकल | १०/- |

निर्णय नं. ८ व्यापार व्यवसाय कर

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ अनुसार व्यापार व्यवसायमा देहाय बमोजिम व्यवसाय कर लगाउने निर्णय गरियो ।

| क्र.स. | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | कपडा पसल | ५००।- |
| २ | फेन्सी पसल | ५००।- |
| ३ | सुन चाँदी गहना पसल | १२००।- |
| ४ | हार्डवेयर | २०००।- |
| ५ | सवारी साधन खरिद विक्री -शोरुम) | १५००।- |
| ६ | कलर ल्याव | ८५०।- |
| ७ | केवुल | ७,०००।- |
| ८ | वैंक/सरकारी | ७,०००।- |
| ९ | वैंक/निजी | ७,०००।- |
| १० | वित्तीय संस्था | २५००।- |
| ११ | सहकारी संस्था | १०००।- |
| १२ | अस्पताल | २५००।- |

| क्र.स. | विवरण | सेवा शुल्क |
|---|---|---|
| १३ | क्लीनिक -मेडीकल पसल) ल्याव | १०००।- |
| १४ | किराना पसल | ५००।- |
| १५ | किराना स्टोर्स / जनरल स्टोर्स/ सपिङ सेन्टर | ६५०/- |
| १६ | विद्यालय/निजी | १२००।- |
| १७ | क्याम्पस/निजी | २२००।- |
| १८ | एफ्.एम् रेडियो | ५००।- |
| १९ | भाँडा पसल | ५००।- |
| २० | इलेक्ट्रीक पसल | ७५०।- |
| २१ | कम्प्यूर पसल /मोवाइल | ८००।- |
| २२ | विमा एजेन्ट | १०००।- |
| २३ | रेडियो मर्मत | ४००/- |
| २४ | पेट्रोल पम्प तथा थोक ग्याँस विक्रेता | ३,५००।- |
| २५ | फर्निचर पसल फर्निसिङ | १७५०।- |
| २६ | प्राविधिक शिक्षालय | २५००।- |
| २७ | कोचिङ सेन्टर | २०००।- |
| २८ | कम्प्यूटर इन्ष्टिच्यूट | २०००।- |
| २९ | माछा | ६००।- |
| ३० | मासू | १५००।- |
| ३१ | कस्मेटिक सामान | ५००।- |
| ३२ | गिफ्ट सामान | २५०।- |
| ३३ | फलफूल / तरकारी | ४५०।- |
| ३४ | दूध डेरी | ४५०।- |
| ३५ | कन्सलटेन्सी/परामर्श सेवा केन्द्र | २५००।- |
| ३६ | मदिरा पसल (थोक) | ३०००।- |
| ३७ | मदिरा पसल खुद्रा - सामान्य | |
| ३८ | स्टेसनरी / पुस्तक पसल | १०००।- |
| ३९ | स्टेसनरी / पुस्तक पसल थोक | |
| ४० | चलचित्र हल | १,०००।- |
| ४१ | फोटोकपी/नेटवर्किङ्ग | ५००।- |
| ४२ | व्यूटी पार्लर | ५००।- |
| ४३ | सिलाइ कटाई / तालिम | १७५०।- |
| ४४ | टेलरिङ्ग | ५००।- |

| क्र.स. | विवरण | सेवा शुल्क |
|---|---|---|
| ४५ | टेलरिङ्ग कपडासमेत | ६००।- |
| ४६ | सिसा / प्लाईउड पसल | ८५०।- |
| ४७ | साइनवोर्ड पेन्टीङ्ग पसल | ५००।- |
| ४८ | सोलार /सौर्य ऊर्जा | १०००।- |
| ४९ | कुरियर सेवा | ५००।- |
| ५० | निर्माण व्यवसायी | ७,०००।- |
| ५१ | घरेलु तथा कृषि उद्योग पशु, कृषि,घरेलु,कुटीर,पोल्ट्री फार्म,गाई फार्म | ५००।- |
| ५२ | फोटो ग्राफी | ६००।- |
| ५३ | सर्भेयर | ६००।- |
| ५४ | लेखा परीक्षक | ६००।- |
| ५५ | कानून व्यवसायी | ७००।- |
| ५६ | ड्राइक्लीनर | ४५०।- |
| ५७ | सवारी साधन मर्मत मात्र | ८००।- |
| ५८ | सवारी साधन पार्टपुर्जा बिक्रि | १५००/- |
| ५९ | हेयर कटिङ्ग | ५५०।- |
| ६० | एग्रोभेट/विउ विजन | ५००।- |
| ६१ | घडी रेडियो टिभी मर्मत | ५००।- |
| ६२ | होस्टेल | १८००।- |
| ६३ | टेण्ट/क्याटेरिङ्ग | १०००।- |
| ६४ | चटपटे / आईसकृम | ५००/- |
| ६५ | मिष्ठान्न भण्डार | ६००/- |
| ६६ | मनि ट्रान्सफर | ६००/- |
| ६७ | कपडा कम्पलेक्स /कपडा थान तथा रेडिमेट कपडा | १०००/- |
| ६८ | ट्रेड सेन्टर / ट्रेडर्स सेन्टर | १०००/- |
| ६९ | ब्याग हाउस | ७५०/- |

उद्योग व्यवसाय

| सि.नं. | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | छापाखाना | २०००।- |
| २ | स्वदेशी वस्त्र उद्योग एवं शोरुम | ५५०।- |
| ३ | चिम्नी ईटा, सधारण ईटा, टायल उद्योग | ५५०।- |
| ४ | होजियरी उद्योग | ५५०।- |

| | | |
|---|---|---|
| ५ | धान, तोरी, कुटानी पिसानी मिल आदि | ६५०।- |
| ६ | जुत्ता उद्योग वा पसल | ६५०।- |
| ७ | भाँडा उद्योग, तामा पित्तल र कलात्मक मूर्ति वनाउने बेच्ने समेत | ७००।- |
| ८ | आलमूनियम उद्योग | २०००।- |
| ९ | स्टिल फर्निचर आदि उद्योग एवं बिक्रेता | २०००।- |
| १० | तयारी पोशाक उद्योग | ८५०।- |
| ११ | फर्निचर तथा काष्ठ उद्योग | १८००।- |
| १२ | पोल्ट्री फार्म | ६००।- |
| १३ | स:मिल | १८००।- |
| १४ | ग्रिल उद्योग | १८००।- |
| १५ | पाउरोटी उद्योग | १०००।- |
| १६ | फ्ल्यास बोर्ड पेन्टिङ्ग | ९००/- |

होटल व्यवसाय कर

| क्र.स. | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | तारा भएको होटलमा प्रत्येक ताराको | २५००।- |
| २ | पर्यटकीयस्तरको होटल वा लज, तारा नभएको तथा रिसोर्टहरू | २०००।- |
| ३ | सुत्ने, खाने, चमेनावार समेत व्यवस्था भएको होटल लज (फुटकर मदिरा विक्रि) | १२००।- |
| ४ | बार समेतको रेष्टुँरा | १,०००।- |
| ५ | चिया पसल सामान्य रेष्टुँरा | ५००।- |

माथिको वर्गीकरणमा समावेश सेवा व्यवसायको कारोवार र स्तर हेरी वार्षिक रु १००।- देखि रु ५,०००।- सम्म लिने निर्देशिकाले निर्देशित गरेको छ ।

निर्णय नं.९

एउटा व्यवसाय मुख्य भई सो भन्दा अरु प्रकृतिको बस्तुसमेत विक्री गरेमा प्रत्येक प्रकृतिका आधारमा रु.१००।- का दरले थप दस्तुर लाग्नेछ ।

निर्णय नं. १०

यस नगरपालिकाको स्वामित्वमा रहेको जिल्ला सैनिक वोर्ड आसपासमा रहेका अस्थायी घडेरीहरूमा एक पेन्सन सिजन भर देहाय बमोजिम अस्थायी घडेरी वहाल र ब्यवसाय करलिने निर्णय गरियो ।

क) पेन्सन वितरण क्याम्प सैनिक वोर्ड गेट नेर मोटरवाटोमा बनेको नाली माथि उत्तर तर्फका घडेरीमा

प्रतिफिट रु. ६००।-

ख) पेन्सन वितरण क्याम्प सैनिक वोर्ड गेट नेर मोटर वाटोको तल्लो दक्षिणतर्फका घडेरी प्रतिफिट रु. ६००।-

ग) पेन्सन सिजनमा सार्वजनिकस्थलमा व्यापार व्यवसाय गर्ने, नगरपालिकामा दर्ता नभएका व्यवसायीहरू

लाई कारोवार र व्यवसाय हेरी दैनिक रु १०।- देखि रु ३०।- सम्म कर लगाइने छ ।

घ) अन्य स्थानमा दैनिक लाग्ने मेलाहरूमा कारोवार र व्यवसाय हेरी दैनिक रु.१०।- देखि रु.२५।- सम्म कर लगाउने ।

निर्णय नं. ११

नक्सा पास प्रयोजनको लागि तयार गरिएको निवेदन पुस्तिकाको मूल्य रु.७००।- निर्धारण गरियो ।

निर्णय नं. १२

(क) 'घ' वर्गमा पर्ने कच्ची घर निर्माणको अनुमतिका लागि फिल्ड अनुगमन शुल्क रु.२००।- र अनुमति शूल्क रु.१०००।- एक हजार लिने निर्णय गरियो ।

(ख) अन्य नयां तथा पुराना घरहरुको अनुगमन मूल्यांकन गर्दा अनुगमन शुल्क रु.५००।- लिने निर्णय गरियो । (ग) यस न.पा.ले असूल गर्ने सेवा शुल्क तथा विभिन्न कर दस्तुरहरू ठेक्का प्रक्रियावाट असुल उपर गर्दा ठेक्का लिने ठेक्दारले एकमुस्ठ रुपमा नगदै रकम दाखिला गर्न आएमा ठेक्का रकमको १० प्रतिशत रकम छुट दिने निर्णय गरियो ।

निर्णय नं. १३

एकीकृत सम्पत्ति कर लागु गर्न आन्तरिक गृहकार्य तथा एकीकृत सम्पत्ति कर लागु भएका नगरपालिकाहरुको अवलोकन भ्रमण गर्ने ।

निर्णय नं. १४

भूमिगत तला भन्नाले बाटोभन्दा तलको (अण्डरग्राउण्ड) पहिलो तलालाई मानी सो भन्दा माथिका तलाहरुलाई क्रमशः पहिलो, दोस्रो .......गरी गणना गरी नक्सा पास तथा घरकरको शुल्क लिइनेछ ।

निर्णय नं. १५

विना अनुमति निर्माणाधिन घरको संरचनाहरुको अनुगमन गरी मापदण्ड अनुसारको बनोट भेटिएमा १००० बर्ग फिटसम्मका घरहरुको हकमा रु.३०००।-(तीन हजार) र १००० वर्ग फिट भन्दा माथिका घरहरुको हकमा रु.५०००।- (पांच हजार) जरिवाना लिई नगरपालिकाको भवन मापदण्ड कायम गराउन निर्देशन दिने र अनुमति नलिई मापदण्ड नपुऱ्याई बन्न लागेका पक्की घरहरुको नक्सा पास नगर्ने र नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाहरु रोक्का राख्ने ।

निर्णय नं. १६

पहिलो र दोस्रो नगरपरिषदबाट पारित भएका निर्णयहरु पुनः उल्लेख नगरिएतापनि यथावत कार्यान्वयनमा जाने निर्णय गरियो ।

नोटः–

- भवन निर्माण गर्दा दुवैतर्फ भवन निर्माण भइ बीचको जग्गामा तोकिएको भन्दा धेरै बाटो देखिए पनि पहिला बनिसकेका भवन भन्दा अगाडि भवन वनाउन नपाइने, लाइन मिलाएर मात्र घर वनाउनु पर्नेछ ।

- नगर क्षेत्रभित्रमा कुनै बाटाहरूको अभिलेखीकरण र मापदण्ड निर्धारण गर्न छुट भएको भए स्थलगत रुपमा प्राविधिकले बाटो नाप गरी एकिन भएपछि ५/५ फिट सेटव्याक छाड्नुपर्नेछ ।
- मौजुदा कायम भएका सडकको हकमा माथि लेखिएको मापदण्डमा सडकको दुवैतर्फ कम्पाउण्डवाल लगायतका जुनसुकै संरचना निर्माण गर्दा सडक किनारावाट ५/५ फिट अनिवार्य रुपमा छोडी निर्माण गर्नु पर्ने छ ।
- नगर क्षेत्रमा कुनै व्यक्ति, समुदाय, संस्था वा निकायबाट सडक/बाटो निर्माण गर्दा नगरपालिकाबाट मापदण्डसहित अनुमति लिनु पर्नेछ ।
- अभियन्त्र कन्सल्टेन्सी काठमाण्डौं द्वारा तयार गरिएको नगरयातायात गुरुयोजनाको अन्तिम प्रतिवेदनको

  No objection letter प्राप्त भएपछि नगरयातायात समन्वय समितिबाट पारित गराई सो बमोजिम मापदण्ड कार्यान्वयन गरिने निर्णय गरियो ।

# परिच्छेद – पाँच

## विविध निर्णयहरू

निर्णय नं. १

रेसुङ्गा नगरपालिकाको तेस्रो नगर परिषदमा प्रस्तुत आ.व.०७३/०७४ को नीति, बार्षिक बजेट तथा कार्यक्रमहरू पारित गरियो ।

निर्णय नं. २

रेसुङ्गा नगरपालिकामा भए गरेका तपसिल बमोजिमका आर्थिक कारोबार अनुमोदन गर्ने निर्णय गरियो ।

२.१. आ.व २०७०/७१ को अन्तिम लेखा परिक्षण प्रतिवेदन तथा आ.व. २०७१/७२ को सामाजिक परिक्षण प्रतिवेदन सार्वजनिकीकरण गरी ती प्रतिवेदनहरु अनुमोदन गरियो । आ.व.०७२/०७३ को अन्तिम लेखा परीक्षक छनौट गर्न रेसुङ्गा नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२.२. नगर परिषद् तयारीका सिलसिलामा कार्यालय समयका अतिरिक्त समय काममा खटिई काम गरे वापत बढीमा एक महिनाको तलव बराबर खटिएका कर्मचारीलाई नगरपरिषद खर्च शीर्षकबाट भत्ता उपलब्ध गराउन सकिने निर्णय गरियो ।

२.३. ग.त. आ.व.मा प्राप्त आन्तरिक आम्दानी मध्ये मालपोत राजस्व बाहेक अन्य रकम आवश्यकता अनुसार चालु तथा पूँजीगत तर्फ अ.ल्या. गरी खर्च गर्ने निर्णय गरियो ।

२.४. यस रेसुङ्गा नगरपालिकाको आर्थिक वर्षको मंसीर मसान्तसम्मको यथार्थ प्रशासनिक खर्च एवं आ.व.०७३/०७४ को प्रस्तावित प्रशासनिक खर्च पारित गरियो ।

निर्णय नं. ३

रेसुङ्गा नगरपालिका कार्यालय तथा नगरपालिका वोर्ड बैठकबाट यस आ.व.२०७२।७३ मा भएका निर्णयहरू अनुमोदन गरियो ।

निर्णय नं. ४

रेसुङ्गा नगरपालिकाको तेस्रो नगरपरिषद् तयारीको सिलसिलामा भएका वडास्तरीय भेला, एकिकृत योजना तर्जुमाा समिति, नगरस्तरीय भेला तथा उद्घाटन शत्रबाट प्राप्त सुझाव, सल्लाहलाई तेस्रो नगरपरिषद् बैठकबाट अनुमोदन गर्दै समन्वय, सहकार्य तथा कार्यान्वयनका लागि सम्बद्ध निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

रेसुङ्गा नगरपालिका क्षेत्रभित्र आकस्मिक रुपमा घट्ने प्रकोप व्यवस्थापन गर्न आ.व. ०७३/०७४ को लागि प्रकोप व्यवस्थापन कार्य योजना तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

स्थानीय स्वायत्त शासन ऐन,२०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार रेसुङ्गा नगरपालिका क्षेत्रभित्र विविध बिषयहरूमा बिषयगत समिति तथा उपसमितिहरू र अन्य आवश्यक बिषयका समिति तथा उपसमिति गठन गर्ने अधिकार न.पा. बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

रेसुङ्गा नगरपालिका कार्यालयको आगामी आ.व. ०७३/०७४ को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम विकास निर्माण आयोजनाहरूमा विनियोजित बजेटको प्रचलित ऐन नियम र कार्यविधिले निर्दिष्ट गरे अनुरुपको प्रतिशतले हुन आउने रकम कन्टेन्जेन्सी वापत कट्टा गर्ने र सो रकम उक्त विकास निर्माण आयोजना सञ्चालन गर्दा खटिने कर्मचारीहरूको प्रशासनिक, प्राविधिक तथा पारवहन खर्च, विकास आयोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक पर्ने मेशिनरी औजारहरू लगायत अन्य लजिष्टिक सपोर्टमा खर्च गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो । साथै योजनाहरूबाट मर्मत सम्भार कोष वापत ३ प्रतिशतले रकम कट्टागरी भिन्दै कोष खडागरी योजनाको मर्मत सम्भारमा लगानी गरिने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगर परिषद्मा उल्लिखित लक्षित कार्यक्रम र गरीबी न्युनीकरण तथा सामाजिक परिचालन कार्यक्रमसँग सम्बन्धित तालिम लगायतका कार्यक्रमहरू सेवा प्रदायकबाट सञ्चालन गर्नुपर्ने भएमा कानुन वमोजिम दर्ता भएका वा संघ संस्था, फर्म/व्यक्तिलाई प्रदान गरिने निर्णय गरियो ।

निर्णय नं. ९

माथि उल्लिखित बजेट नीति तथा कार्यक्रममा परेका योजना रेसुङ्गा नगरपालिकासँग पेश्की र ऋण रकम भएमा त्यस्ता कुनै पनि उपभोक्ता समितिसँग काम गर्नका लागि सम्झौता गर्न नसकिने निर्णय गरियो ।

निर्णय नं. १०

यस आ.व.मा अन्य निकाय/जि.वि.स.गुल्मीवाट कार्यान्वयनको लागि निकासा प्राप्त हुन आएमा निकाशा बमोजिमका योजनाहरू क्रमशः संञ्चालन गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ११

नगरपालिकाले विनियोजित गरेको शीर्षकमा केन्द्रीय योजना तथा अन्य निकायवाट बजेट प्राप्त भएमा उक्त शीर्षकमा विनियोजित रकम अन्य शीर्षकमा विनियोजन गर्न नगरपालिका वोर्डलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. १२

नगरपालिकासँग लागत साझेदारीको माध्यमवाट निर्माण तथा खरिद गरिने कार्यक्रमहरुमा लागत सहभागिता योगदान गर्नु पर्ने शीर्षकमा समयमै रकम जम्मा नगरेमा उक्त शीर्षकमा विनियोजित रकम अन्य योजना तथा कार्यक्रममा रकमान्तर गर्न वोर्डलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. १३

नगरपालिकाको आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षणका लागि आवश्यक व्यवस्था मिलाउन नगरपालिका वोर्डलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. १४

स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली, २०५६ स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ र प्रचलित नियम बमोजिमका नगरपालिकालाई आवश्यक पर्ने समितिहरूको गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

नगरपालिका क्षेत्रभित्र सम्पादन हुने योजना, कार्यक्रम तथा दैनिक क्रियाकलापका सन्दर्भमा केही नीतिगत कुराहरू निर्णयमा छुट भएमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ र प्रचलित अन्य ऐन, नियम, निर्देशिका र प्राप्त निर्देशन बमोजिम गरिने निर्णय गरियो ।

निर्णय नं. १६

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र रेसुङ्गा नगरपालिकाका कार्यकारी अधिकृत बीच भएको कार्यसम्पादन सम्झौता बमोजिम सम्पादन गर्नुपर्ने नतिजा मूलक कार्यसूचकहरूलाई तोकिएको अवधिभित्र कार्यान्वयन गर्दै लगिने निर्णय गरियो ।

निर्णय नं. १७

“बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२” मा उल्लिखित व्यवस्थाहरु आ.व. २०७२।०७३ को २०७२ माघ १ देखि नै कार्यान्वयन गरिने निर्णय गरियो ।

निर्णय नं. १८

नगर परिषदबाट खर्च शीर्षक २१११ (तलव) मा विनियोजित रकम मध्ये तोकिएको तलवमानमा खर्च गरी बाँकी रहेमा सो रकम कर्मचारीको कल्याणकारी कोषमा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. ११४१, मिति २०७१।०६।०२ को संगठन संरचना र जनशक्ति व्यवस्थापन गर्ने विषयको पत्रानुसारको खाकाभित्र रही यस कार्यालयको साधन स्रोतको क्षमता र आवश्यकता अनुसार अनुसूची १ मा उल्लेख भएको संख्यामा दरबन्दी कायम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

प्रथम नगर परिषदबाट गठन भएको पदपूर्ति समितिका पदाधिकारीहरूको स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम कायम भएको अवधिसम्म रहने गरी यस नगरपरिषदबाट अनुमोदन गरियो । नगरपालिकामा गठित नगर अनुगमन समितिलाई यथावत् काम गर्नका लागि निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. २१

सर्वदलीय परामर्श तथा नगरबोर्डबाट मिति २०७१।१०।०१ देखि २०७२।०९।३० सम्म भएका निर्णयहरुलाई कार्यान्वयन गर्ने गरी अनुमोदन गरियो ।

निर्णय नं. २२

वालमैत्री शासन प्रारुप २०६८ अनुसार वालवालिकासँग सम्बन्धित कार्यक्रमहरू अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. २३

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.११४१ मिति २०७१।६।२ को संगठन संरचना र जनशक्ति व्यवस्थापन गर्ने विषयको प्राप्त पत्रानुसार साविक गा.वि.स.मा कार्यरत स्थायी कर्मचारीलाई मन्त्रालयबाट उपलब्ध दरबन्दी संरचनाको मिल्दोजुल्दो पदमा समाहित गर्न सकिने उल्लेख भइ आएकोले साविक अर्खले गा.वि.स.को प्राविधिक सहायक चौथो तहमा स्थायी नियुक्ति लिई कार्यरत श्री नेत्र प्रसाद खनालको मिल्दोजुल्दो प्राविधिक सहायक चौथो (असिष्टेन्ट सवइन्जिनियर) पदमा समाहित (रुपान्तर) गरी काममा लगाउने निर्णय गरियो ।

निर्णय नं. २४

साविक तम्घास गा.वि.स.बाट फोहोरमैला व्यवस्थापनका लागि खरिद गरेको लु १ त ५१६४ नं.को मेसी फरगुसन ट्रेक्टर र लु १ ब २०९ नं.को मोटरसाइकल जीर्ण भई पटक पटक मर्मत गर्दा समेत चालु अवस्थामा नरहेकोले आवश्यक प्रक्रिया पुरा गरी लिलाम गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

यस रेसुङ्गा नगरपालिकाबाट सञ्चालन गरिने विभिन्न गोष्ठि, अभिमुखीकरण तथा प्रशिक्षणका लागि मिति २०७० साल माघ १ गतेदेखि लागुहुने गरी अनूसुची २ मा उल्लिखित शीर्षक अनुसारको सेवा सुविधा उपलब्ध गराउने निर्णय भएकोमा यस वर्ष सोहीअनुसार निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. २६

पदपूर्ति कार्यको लागि विनियोजित रकम अपुग भएमा आन्तरिक स्रोततर्फको अल्या गरिएको मौज्दात रकमबाट खर्च गरिने निर्णय गरियो ।

निर्णय नं. २७

यस कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको पोशाक भत्ता नेपाल सरकारका कर्मचारी सरह नै उपलब्ध गराउने र आन्तरिक स्रोतको क्षमताको आधारमा चाडबाड खर्चको हकमा निजले खाइपाई आएको मासिक तलबको आधा रकममा नघट्ने गरी अधिकतम आधारमा एक महिनाको तलबसम्म दिन सकिने र कार्यालयको कामको सन्दर्भमा भ्रमणमा खटिएका कर्मचारीहरुलाई प्रचलित भ्रमण नियमावली बमोजिमको सेवा सुविधा प्रदान गर्न सकिने निर्णय गरियो । करार सेवामा कार्यरत श्रेणीविहीन कर्मचारीहरुको प्रोत्साहन भत्ता समानरुपमा उपलब्ध गराउने निर्णय गरियो ।

## चालु आ.व. ०७२/७३ को हालसम्मको कार्य प्रगतिको संक्षिप्त प्रस्तुति र आ.व. २०७३।७४ को रेसुङ्गा नगरपालिका गुल्मीको बजेट, नीति, कार्यक्रम तथा योजनाको सारसंक्षेप सहितको मन्तव्य

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१/१/२५ को निर्णयबाट नगरपालिका घोषणा बमोजिम रेसुङ्गा नगरपालिकाले मिति २०७१/२/१ गते कार्यालय स्थापना गरी सेवा सञ्चालन गरी हाल तेस्रो नगरपरिषद सम्पन्न गर्ने क्रममा अगाडि बढेको छ ।

- यस रेसुङ्गा नगरपालिकाको तेस्रो नगरपरिषद् समुद्घाटन कार्यक्रमका प्रमुख अतिथि व्यवस्थापिका संसदका माननीय सांसद चन्द्र भण्डारी ज्यू,
- विशेष अतिथि प्रमुख जिल्ला अधिकारी श्रीमान् प्रदीपराज कणेल ज्यू,
- विशेष अतिथि स्थानीय विकास अधिकारी श्रीमान् डिलाराम पन्थी ज्यू,
- जिल्लामा क्रियाशील राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू,
- नगरपालिकाको सर्वदलीय परामर्श समितिको पदाधिकारीज्यूहरू,
- साविकका गा.वि.स.हरुवाट प्रतिनिधित्व गर्नुहुने राजनीतिक दलका पूर्व प्रमुख एवं प्रतिनिधि ज्यूहरू,
- राजस्व परामर्श समितिका पदाधिकारी ज्यूहरू,
- एकीकृत योजना तर्जुमा समितिका पदाधिकारी ज्यूहरू,
- गुल्मी उद्योग वाणिज्यसंघका अध्यक्ष ज्यू, एवं पदाधिकारी ज्यूहरु, पूर्व पदाधिकारी ज्यूहरु, गै.स.स. महासंघका अध्यक्ष ज्यू, नेपाल पत्रकार महासंघ अध्यक्ष ज्यू लगायत विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू,
- कार्यालय प्रमुखूहरू, स.प्र.जि.अ.ज्यूहरु, क्याम्पस प्रमुख, पूर्व क्याम्पस प्रमुख, प्राचार्य, प्र. अ. ज्यूहरू,
- खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति र अनुगमन समितिका पदाधिकारी ज्यूहरू
- समाजसेवी तथा वुद्धिजिवी महानुभावहरू, नागरिक समाजका अग्रज व्यक्तित्व ज्यूहरू,
- मिडियाकर्मी पत्रकार ज्यूहरू,
- अन्य उपस्थित सम्पूर्ण महानुभावहरू, सवैमा हार्दिक अभिवादन प्रस्तुत गर्दै यस गरिमामय कार्यक्रममा हार्दिक स्वागत एवं सम्मान गर्दछु ।

धार्मिक, सांस्कृतिक र प्राकृतिक मनोरमस्थल ऋष्यश्रृङ्ग ऋषिको तपोवन रेसुङ्गाको काखमा अवस्थित रेसुङ्गा नगपालिकाको तेस्रो नगर परिषद् समुद्घाटन समारोहमा हामीहरू उपस्थित भएका छौ । सदासर्वदा राष्ट्रको निमित्त आफ्नो जीवन वलिदान गर्ने ज्ञात अज्ञात शहीदहरूप्रति श्रद्धा सुमन अर्पण गर्न चाहन्छु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी व्यस्त समयको वावजुद पनि यस नगर परिषद्को समुद्घाटन गरिदिनु भएकोमा प्रमुख अतिथि व्यवस्थापिका संसदका माननीय सांसद चन्द्र भण्डारी ज्यू, प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी विशेष अतिथिद्धय प्रमुख जिल्ला अधिकारी ज्यू, स्थानीय विकास अधिकारीज्यू तथा सम्पूर्ण अतिथिज्यूहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ नियमावली, २०५६ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम निर्धारण गरिएको सहभागितात्मक योजना तर्जुमा प्रक्रिया तथा कार्य तालिका वमोजिम सातौं चरणका क्रियाकलापहरू सम्पन्न गरी यो आठौं चरणको नगर परिषद्को कार्यक्रम सम्पन्न गर्न गइरहेका छौं ।

यहाँहरूवाटै प्राप्त परामर्श, मार्गदर्शन बमोजिम र प्रचलित कार्यविधि अनुसार **"निर्णयमा जनताको सर्वोच्चता र कार्यान्वयनमा नगरपालिकाको प्रतिबद्धता"** भन्ने नाराका साथ वस्ती तथा १५ वटै वडावाट सन्तुलन मिल्ने गरी वडा भेलाद्वारा त्यहाको आवश्यकता महशुस भएका योजना तथा कार्यक्रमहरूको प्राथमिकता सहितको सूची सङ्कलन गरी नगरपालिकाको सीमित स्रोत साधनद्वारा यथोचित रुपमा सम्बोधन गर्ने प्रयास गरिएको छ । यस प्रक्रियालाई स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरूको अनुपस्थितिमा पनि जिल्ला तथा नगरस्थित राजनीतिक दलहरूवाट भएको सुझवुझपूर्ण सहयोग, जिम्मेवारी वोध एवं उत्तरदायित्वका आधारमा सहकार्य, विषयगत निकायहरुको समन्वय एवं सहयोग र यहांका नगरवासीहरूको सहयोगले कार्यक्रम सम्पादनमा थप सहयोग पुगेको छ तथापि विकास निर्माण र

स्थानीय निकायको दिगो व्यवस्थापनमा स्थानीय निर्वाचित जनप्रतिनिधिहरूको भूमिकाको अपरिहार्यतालाई किञ्चित विर्सन सकिदैन ।

भुकम्प जस्तो प्राकृतिक विपत्तिको कारणले दोस्रो नगरपरिषदबाट पारित कार्यक्रम तथा बजेटमा समेत प्रत्यक्ष प्रभाव परेको अवस्था छ । आन्तरिक आयको दायरालाई फराकिलो पार्न सकिएको छैन भने केन्द्रबाट प्राप्त हुने पुंजीगत अनुदानमा कमी भएकाले निर्दिष्ट कार्यक्रमहरु समेत प्रभावित हुन पुगेका छन ।

**दीर्घकालीन सोंच**

**"कृषि, पर्यटन, वन, वातावरण र सामाजिक पूर्वाधार ।**
**समावेशी विकास नै रेसुङ्गा नगरपालिकाको आधार ॥"**

**लक्ष्य**

**रेसुङ्गा नगरपालिकालाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रुपबाट समुन्नत, आत्मनिर्भर र स्वावलम्बी बनाउने ।**

**उद्देश्य**

सरकारी तथा गैरसरकारी क्षेत्र, निजी क्षेत्र एवं समुदाय सहितको संयुक्त सहभागितामा उपलव्ध स्रोत साधनहरुको समुचित र अधितकम परिचालन गरी आर्थिक तथा सामाजिक असमानतालाई कम गर्दै शहरी सुशासन एवं पारदर्शिता कायम गरी समानुपातिक एवं समावेशी विकासको अवधारणा बमोजिम नगरपालिकाको पूर्वाधार विकासका साथै शहरी वातावरण सुधारका लागि सामाजिक क्षेत्रमा लगानी वृद्धि गरी लक्षित वर्गका लागि विशेष कार्यक्रमहरू मार्फत आर्थिक तथा सामाजिक उन्नतिमा पहुँच वृद्धि गर्न गरिबी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने र नगरपालिकालाई संस्थागत रूपमा सवल, सक्षम एवं आत्मनिर्भर बनाउँदै लैजाने आ.व. ०७३।०७४ को नीति तथा कार्यक्रमको मुख्य उद्देश्य हुनेछ ।

**प्राथमिकता**

**"निर्णयमा जनताको सर्वोच्चता ।**
**कार्यान्वयनमा नगरपालिकाको प्रतिबद्धता ॥"**

भन्ने उद्गारलाई आत्मसात गर्दै उपर्युक्त उद्देश्य प्राप्तिका लागि नगरपालिकाबाट देहाय बमोजिमको प्राथमिकताक्रम निर्धारण गरी विषयगत र क्षेत्रगत आधारमा नीति, कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

१. नगरपालिकाको योजना पद्धतिमा दीर्घकालिन सोंच, लक्ष्य र उद्देश्यसँग मेल खानेगरी आवधिक योजनासहितको गुरुयोजना, गरिवी न्यूनीकरण रणनीति पत्र, अन्य विषयगत तथा क्षेत्रगत योजनाहरूको तर्जुमा गर्ने ।
२. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र रेसुङ्गा नगरपालिकाका कार्यकारी अधिकृत बीच भएको कार्यसम्पादन सम्झौता बमोजिम सम्पादन गर्नुपर्ने नतिजामूलक कार्यसूचकहरू हासिलगर्ने गरी कार्यान्वयन पाटोलाई जोड दिने ।
३. कृषि तथा वन वातावरणको दीगो ब्यवस्थापनका लागि वातावरण मैत्री दीगो विकासका कार्यक्रमहरू अवलम्वन गरिने ।
४. शहरी आधारभूत सेवाहरू–सडक, यातायात सञ्जाल विकास, बिस्तार एवं स्तरोन्नति, स्वच्छ खानेपानी, ढल निकास, सरसफाई एवं वातावरण सन्तुलन,जलवायु परिवर्तन अनुकुलन हुनेगरी हरियाली शहर विकास गरिने ।
५. वित्तीय विकेन्द्रीकरणको भावना अनुसार नगरपालिकाले लगाउन र उठाउन पाउने कर तथा गैह्रकर, राजश्वका बृहत क्षेत्रहरूको पहिचान, सङ्कलन तथा ब्यवस्थापनमा निजी क्षेत्रसँगको सहकार्य गर्दै आन्तरिक तथा बाह्य राजश्वका नयां स्रोतहरूको पहिचान र उपलव्ध स्रोतहरूको अधिकतम परिचालन गरी एकिकृत सम्पत्तिकरको अवधारणालाई अगाडि बढाइने ।
६. महिला, बालबालिका, अशक्त, अपाङ्ग, दलित, आदिवासी, जनजाती, पिछडिएका वर्ग, विपन्न तथा सिमान्तकृत समुदायमैत्री कार्यक्रम सञ्चालन गरी उक्त वर्गको विकास गरिने ।
७. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका स्थानीय सरकार, सम्बन्धित संघ-संस्थाहरूसँग भातृत्वपूर्ण सम्बन्ध विकास तथा विस्तार गरिने ।

८. सार्वजनिक निजी साझेदारी नीति २०६० बमोजिम यस क्षेत्रका विकास निर्माणका कार्यक्रम अगाडि बढाइने ।
९. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित सूचना तथा तथ्याङ्कहरूका आधारमा सूचना प्रविधिको अधिकतम उपयोग गर्ने ।
१०. विपद् व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।
११. समुदायमा आधारित टोल विकास संस्था, अन्य सहयोगी र विकासशील संघसंस्थाहरूलाई समयानुकूल क्रियाशील गराउँदै लैजाने ।
१२. रेसुङ्गा विमानस्थलको निर्माण कार्य छिटो भन्दा छिटो सम्पन्न गर्नको लागि सम्वन्धित निकायमा समन्वय गरी अगाडि बढाउने ।
१३. रेसुङ्गा नगरपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरूको संरक्षण, संर्वधन, प्रर्वधन गरी विकास गर्ने ।
१४. भाषा साहित्य, कला, संस्कृतिको संरक्षण र विकास गर्ने ।
१५. नगरपालिका सञ्चालनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधिहरू तयार गर्ने तथा संस्थागत क्षमता सुदृढीकरणका लागि नगर क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउने ।

**नीति तथा कार्यक्रम**

आ.व.०७३।०७४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दीर्घकालीन लक्ष्य, उद्देश्य र प्राथमिकताका क्षेत्रहरूका अतिरिक्त देशले अङ्गिकार गरेको सहस्राब्दी विकास लक्ष्य, सार्क विकास लक्ष्य, तेह्रौं योजना, राष्ट्रिय योजना आयोगको मार्ग निर्देशन, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नीति निर्देशन, गुल्मी जिल्ला विकास समितिको जिल्ला विकास योजनालाई आधारको रूपमा स्वीकार गरिएको छ । यसका साथै प्रचलित स्थानीय स्वायत्त शासन ऐन, नियम, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ र अन्य कानून बमोजिम क्रियाशील समिति, कार्यदल, विषयगत संघसंस्थाहरूबाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरूको आधारमा देहायका नीति तथा कार्यक्रमहरू अवलम्वन गरिने छ ।

